**बैठक संख्या: १६२**

आज मिति २०८१।०५।२५ गते मंगलबारका दिन दिनको २:०० बजे कमलामाई नगरपालिकाको नगर प्रमुख श्री उपेन्द्र कुमार पोखरेलज्यूको अध्यक्षतामा कमलामाई नगरपालिकाको नगर कार्यपालिकाको बैठक कमलामाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा बस्यो । उक्त बैठकको उपस्थिति र निर्णय देहाय अनुसार रहेको छ।

**उपस्थिति:**

| | | |
|---|---|---|
| १. | श्री उपेन्द्र कुमार पोखरेल | नगर प्रमुख |
| २. | श्री मन्जु देवकोटा | नगर उप–प्रमुख |
| ३. | श्री नरेश गोले | वडा अध्यक्ष १ |
| ४. | श्री ईन्द्र वाईवा | वडा अध्यक्ष २ |
| ५. | श्री खड्ग प्रसाद चौलागाई | वडा अध्यक्ष ३ |
| ६. | श्री महेन्द्र प्रसाद ढकाल | वडा अध्यक्ष ४ |
| ७. | श्री पूर्ण बहादुर खड्का | वडा अध्यक्ष ५ |
| ८. | श्री उज्वल कुमार थापा | वडा अध्यक्ष ६ |
| ९. | श्री कर्ण बहादुर घिसिङ | वडा अध्यक्ष ७ |
| १०. | श्री कोमल कुमार श्रेष्ठ | वडा अध्यक्ष ८ |
| ११. | श्री विनोद प्रधान | वडा अध्यक्ष ९ |
| १२. | श्री दिप बहादुर कार्की | वडा अध्यक्ष १० |
| १३. | श्री रामबहादुर थिङ | वडा अध्यक्ष ११ |
| १४. | श्री भिमबहादुर गुर्मछान | वडा अध्यक्ष १२ |
| १५. | श्री केशर बहादुर कार्की | वडा अध्यक्ष १३ |
| १६. | श्री राजन न्यौपाने | वडा अध्यक्ष १४ |
| १७. | श्री उमा विश्वकर्मा | नगर कार्यपालिका सदस्य |
| १८. | श्री जमुना कुमारी श्रेष्ठ | नगर कार्यपालिका सदस्य |
| १९. | श्री देवि देवकोटा | नगर कार्यपालिका सदस्य |
| २०. | श्री धन कुमारी श्रेष्ठ | नगर कार्यपालिका सदस्य |
| २१. | श्री शिव कुमारी रायमाझी | नगर कार्यपालिका सदस्य |
| २२. | श्री भद्रीमाया हायु | नगर कार्यपालिका सदस्य |
| २३. | श्री मान बहादुर दमाइ | नगर कार्यपालिका सदस्य |
| २४. | श्री राजन बहादुर भुजेल | नगर कार्यपालिका सदस्य |
| २५. | श्री सागर कुमार ढकाल | नि. प्रमुख प्रशासकीय अधिकृत |

CamScanner

**कार्यसूची:**

१. बालमैत्री वडा सम्बन्धमा ।

२. सामाजिक सुरक्षा भत्ता सम्बन्धमा ।

३. विपद् सम्बन्धमा ।

४. अनुगमन समितिको सदस्य सम्बन्धमा ।

५. पुरानोचौकी आगे सडक स्तरोन्नती सम्बन्धमा ।

## निर्णयहरु:

### १. बालमैत्री वडा सम्बन्धमा ।

**निर्णय नं. १:**

यस कमलामाई नगरपालिकाको वडा नं. ६ लाई बालमैत्री वडा घोषणा गर्ने योजना अनुसार हालसम्म पूर्व सूचकहरु तहगत रुपमा अनुगमन, परीक्षण गरी जिल्ला समन्वय समितिमा सिफारीसको लागि पठाइएको र जिल्ला समन्वय समितिबाट सिफारीस भई आए अनुसार नगर कार्यपालिकाबाट उक्त सिफारीसको आधारमा बाल मैत्री वडा घोषणा गर्नु पर्ने भएकोले आजको बैठकबाट राष्ट्रिय बाल दिवस (२०८१ को अवसरमा भाद्र २९ गते) वडा नं. ६ लाई बाल मैत्री वडा घोषणा गर्ने निर्णय गरियो ।

### २. सामाजिक सुरक्षा भत्ता सम्बन्धमा ।

**निर्णय नं. २:**

आ.व. २०८०/८१ मा सामाजिक सुरक्षा भत्ता तर्फ विभिन्न शिर्षकमा रु. ३०,८५,९९,७६०।– (तिस करोड पचासी लाख उनान्सय हजार सात सय साठी) प्राप्त भएको र प्राप्त रकम निकाशा गर्दा १०९५ लाभग्राहीहरुको चौथो त्रैमासिक वापतको रु. १,३०,४८,७०८ (एक करोड तिस लाख अठचालिस हजार सात सय आठ) रकम अपुग भई सो लाभग्राहीहरुको बैंकमा रकम निकाशा नभएको हुँदा अपुग रकम सम्बन्धमा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको मिति २०८१/०५/१४ गते च.नं. ४७ को पत्र अनुसार अपुग रकम माग गर्ने सम्बन्धमा स्थानीय तहको कार्यपालिकाबाट निर्णय भै सोको निर्णय प्रति उपलब्ध गराउँन पत्रचार गरिएकोले यस नगरपालिकामा अपुग भएको रु. १,३०,४८,७०८।– (एक करोड तिस लाख अठचालिस हजार सात सय आठ) रकम निकाशाका लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागमा माग गर्ने निर्णय गरियो ।

### ३. विपद् सम्बन्धमा ।

**निर्णय नं. ३:**

विगतमा परेको अविरल वर्षात्को कारणले यस कमलामाई नगरपालिका तपसिलका स्थानहरुमा विपद जोखिम देखिएकोले उक्त जोखिम व्यवस्थापनका लागि तत्काल नेपाल सरकार गृह मन्त्रालय विपद तथा द्वन्द्व व्यवस्थापन महाशाखालाई अनुरोध गर्ने ।

क) कमलामाई नगरपालिका, वडा नं. १, कोप्चे, सिमलेमा जमिन भासिनाको कारणले कोप्चेका १५ (पन्ध्र) घरधुरी र धानखेत जोखिमयुक्त अवस्थामा रहेकोले वस्ती स्थानान्तरण गर्नु पर्ने ।

ख) कमलामाई नगरपालिकाका, वडा नं. १, स्वाँरामा मदन भण्डारी राजमार्ग धसिएको कारणले त्यहाँका ६ (छ) घरधुरी तत्कालै अन्यत्र व्यवस्थापन गर्नु पर्ने ।

ग) कमलामाई नगरपालिका, वडा नं. १०, भँडार स्थित ४ (चार) घरधुरी पहिरोमा पुरिएको हुनाले तत्कालै अन्यत्र व्यवस्थापन गर्नु पर्ने।

घ) कमलामाई नगरपालिका, वडा नं. १३, रुचानी गाउँको ३ (तीन) घर र रानीवासको २ (दुई) घर पहिरोले क्षतिग्रस्त भएकोले अन्यत्र स्थानान्तरण गर्नुपर्ने।

ङ) कमलामाई नगरपालिका, वडा नं. ७, माझीटार स्थित सान्ता पाख्रिनको पक्की घर हालै गएको अविरल वर्षातको कारण पहिरोको जोखिममा रहेकोले तत्कालै पहिरो नियन्त्रण गर्नुपर्ने।

## ४. अनुगमन समितिको सदस्य सम्बन्धमा।

**निर्णय नं. ४:**

कमलामाई नगरपालिका, उपभोक्ता समति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधी, २०८१ मा व्यवस्था भए अनुसार नगर स्तरीय अनुगमन समितिमा कमलामाई नगरपालिका वडा नं. ५ का वडा अध्यक्ष पूर्ण बहादुर खड्कालाई मनोनयन गर्ने निर्णय गरियो।

## ५. पुरानोचौकी आगे सडक स्तरोन्नती सम्बन्धमा।

**निर्णय नं. ५:**

यस कमलामाई नगरपालिकाको आ.व. ०८०/०८१ मा संचालन भएको पुरानोचौकी आगे सडकको ठेक्का व्यवस्थापन ढिला भई वर्षातको कारणबाट कार्य सम्पन्न हुन नसकेको हुँदा म्याद थपको लागि अनुरोध भएकोमा मिति २०८१/४/३१ को नगर कार्यपालिकाको बैठकको निर्णय अनुसार कार्यालयबाट स्थलगत निरिक्षणको लागि प्राविधिक टोली पठाइएकोमा उक्त टोलीबाट निरीक्षण गरी प्राप्त प्रतिवेदन अनुसार सडक स्तरोन्नती कार्य भइ रहेको स्थानमा गएको पहिरो नियन्त्रण नगरी ठेक्का सम्झौता अनुसारको कार्य गर्न नसकिने साथै उक्त पहिरोबाट सिन्धुलीगढी हुँदै मझुवा जाने मुख्य सडक र गगलाते खानेपानी योजना समेतलाई असर पुर्याउन सक्ने सम्भावना देखिएको हुँदा उल्लेखित ठेक्का सम्झौता रद्ध गर्ने तथा पहिरो नियन्त्रणको लागि नेपाल सरकार लगायत सम्बन्धित विषयमा बागमती प्रदेश सरकार समक्ष अनुरोध गर्ने।

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख